# राज्य, शक्ति र महिमा



# राज्य, शक्ति
# र
# महिमा

Kingdom, Power & Glory

## नयाँ नियमको निरीक्षण


लेखकः जीन-बप्तिस्टे स्वाडोगो
र मारसीया ए. मङ्गर

अनुवादकः बाल कृष्ण शर्मा

# विषय सूची


पाठ्यक्रमको परिचय.................................................... ५

**भाग एक**ः येशू ख्रीष्ट, उहाँको जीवनी र सेवाकाई

**पाठ**

१. नयाँ नियम र यसको संसार.................................. १३

२. येशू ख्रीष्ट र सुसमाचारहरू................................. ५४

३. मत्ती र मर्कूस................................................ ८४

४. लूका र यूहन्ना............................................... ११२

**भाग दुई**ः मण्डली यसको वृद्धि र विकास

५. मण्डलीको स्थापना भयो.................................... १५०

६. मण्डली टाढासम्म फैलियो.................................. १८६

७. मण्डली लगातार रूपमा वृद्धि भइरहेको छ.......... २१०

**भाग तीन**ः मण्डली यसका समस्याहरू र यसका आशाः

८. मण्डलीले समाधानहरू प्राप्त गर्छ......................... २४०

९. मण्डली युद्ध र आशामा...................................... २६८

१०. किन हामी नयाँ नियममा भरोसा राख्छौं?.......... ३०६

शब्दकोश................................................................ ३३४

स्वयम् जाँचका उत्तरहरू........................................... ३४२

## आई. सी. आई. ख्रीष्टियान सेवा कार्यक्रमः

आई. सी. आई. ख्रीष्टियान सेवा कार्यक्रमका अठार वटा पाठ्यपुस्तकहरूमध्ये यो पनि एक पुस्तक हो। ख्रीष्टियान सेवकहरूले व्यक्तिगत रूपमा आफैले आफैलाई सिकाउन सक्ने प्रकारले यी ख्रीष्टियान सेवा कार्यक्रमका पुस्तकहरू तयार पारिएका छन्। यी पाठ्यपुस्तकहरूले विद्यार्थीहरूलाई व्यवहारिक रूपमा ख्रीष्टियान सेवा गर्नको निम्ति बाइबल धर्मशास्त्रका शिक्षाहरू दिन्छन्। परमेश्वरको वचनलाई गहिरेर बुझ्नको निम्ति तपाईंले यी पाठ्यपुस्तकहरूलाई अध्ययन गर्नसक्नुहुन्छ।

## ध्यान दिनुहोस्

कृपया यस पाठ्यक्रमको परिचयलाई बडो ध्यानपूर्वक अध्ययन गर्नुहोस्। तपाईंले यस पाठमा राखिएको उद्देश्य प्राप्त गर्न र विद्यार्थी प्रतिवेदनको निम्ति तयारी हुन, यस परिचयमा उल्लेख गरिएका नियमहरू पालन गर्नु अत्ति महत्वपूर्ण छ।

# पाठ्यक्रमको परिचय

**परमेश्वरको नयाँ करार मानिससँग सिक्नुहोस्ः**

यस पाठ्यपुस्तकमा तपाईंले येशू ख्रीष्टद्वारा परमेश्वरले मानिससँग बनाउनु भएको नयाँ सम्बन्धको विषयमा अध्ययन गर्नुहुनेछ। परमेश्वरले हामीलाई कसरी अनन्त नाशबाट बचाउनु भयो सो कुरा नयाँ नियमले बताउँछ। हामी येशू ख्रीष्टद्वारा कसरी परमेश्वरको राज्यमा ल्याइन्छौं र हाम्रो दैनिक जीवनमा कसरी उहाँको शक्तिको अनुभव गर्न सक्छौं, सो कुरा हामी नयाँ नियमबाट सिक्न सक्छौं। यस नयाँ नियमले हाम्रा मुक्तिदाता ख्रीष्टको महिमित आगमन र उहाँमा हाम्रो आश्चर्यपूर्ण सौभाग्यको विषयमा स्पष्ट रूपमा बताउँछ।

यस पाठ्यक्रमको पहिलो भागले नयाँ नियमका सबै पुस्तकहरूको परिचय र ती पुस्तकहरू लेखिएको समय बताउँछ। यसैले नयाँ नियममा येशू ख्रीष्टको जीवन र उहाँको सेवाकाईको विषयमा लेखिएका पुस्तकहरू छन्। तपाईंले चारवटा सुसमाचारहरूमा येशू ख्रीष्टले दिनुभएका महान शिक्षा र उहाँले गर्नुभएका आश्चर्यकर्मको विषयमा अध्ययन गर्नसक्नुहुन्छ। तपाईंले उहाँ जन्मनु र हुर्कनु भएको ठाउँको विषयमा र उहाँको विषयमा लेख्ने मानिसहरूको बारेमा पनि सिक्नुहुनेछ।

यस पाठ्यपुस्तकको दोस्रो भागले मण्डलीको शुरू र रोमी साम्राज्यमा यसको बृद्धिको विषयमा लेखिएका पुस्तकको व्याख्या गर्छ। यस भागमा तपाईंले प्रेरितहरू र विश्वासीहरूले सुसमाचार प्रचार गरेको बारेमा भेट्टाउनुहुनेछ। तिनीहरूले यहूदीहरू र अन्यजातिहरू, कमारा र मालिकहरू, साँचो खोज गर्ने र कपटीहरू सबैलाई ख्रीष्टको मुक्तिको सुसमाचार सुनाउने काम गरेका थिए। तपाईंले विभिन्न मण्डलीलाई लेखिएका पत्रहरूको पनि अध्ययन गर्नुहुनेछ। यी विभिन्न पत्रहरूबाट तिनीहरूको

आनन्द र समस्याको विषयमा पनि सिक्नुहुनेछ। परमेश्वरको मण्डली कसरी शुरू भयो र उहाँको शक्तिद्वारा कसरी स्थिर भएर रहेको छ सो कुरा पनि तपाईंले यस भागमा देख्नुहुनेछ।

तेस्रो भागका पुस्तकहरूले मण्डली लगातार रूपमा बृद्धि भएको छ भन्ने कुरा प्रकट गराउँछन्। मण्डलीले यसलाई घृणा गर्नेहरू र ख्रीष्टलाई इन्कार गर्ने झूठा शिक्षाहरूबाट कस्तो सतावट भोग्नु पऱ्यो, त्यो कुरा यस भागबाट तपाईं सिक्नसक्नुहुन्छ। मण्डलीमा अगुवा बन्नको निम्ति चाहिने योग्यताको विषयमा पनि तपाईंले यस पाठमा देख्नुहुन्छ। भविष्यको बारेमा भएको महिमित दर्शनको बारेमा पनि तपाईंले अध्ययन गर्नुहुनेछ। नयाँ नियम हामीकहाँ कसरी आईपुग्यो सो कुरा पनि तपाईंले यस भागमा पत्ता लगाउनु हुनेछ। परमेश्वरलाई चिन्न र आज उहाँलाई सेवा गर्नको निम्ति हामीले किन परमेश्वरको वचनमा पूर्ण भरोसा राख्नसक्छौं त्यसको कारण पनि तपाईंले सिक्नुहुनेछ।

नयाँ नियम तपाईंको निम्ति परमेश्वरको सन्देश हो भन्ने कुरा यी सबै कुराहरूको अध्ययनबाट तपाईंले महसूस गर्नुहुनेछ। तपाईंले परमेश्वरको विषयमा सिक्नुभएको वास्तविक कुराले तपाईंलाई परमेश्वरको वचन बुझ्न र अरूहरूलाई यो सत्यता सिकाउन सहायता पुऱ्याउँछ। यस पाठको अध्ययनमा परमेश्वरले तपाईंलाई आशीष देऊन्।

**करार (नियम)हरूको बीचको समयः**

हुनसक्छ तपाईंले पुरानो नियम पढिसक्नु भयो होला। यदि पढ्नु भएको हो भने तपाईं सम्झनसक्नुहुन्छ, यरूशलेममा मन्दिरको पुनर्स्थापना भएपछि यहूदीहरूसँगको ऐतिहासिक घटना बन्द भएको छ। तर नयाँ नियमको शुरूमा हामी देख्छौं यरूशलेम रोमीहरूको अधिनमा थियो। पुरानो र नयाँ नियमको बीचको समयमा पालेस्टाइन राज्यमा के भएको थियो?

ईसा पूर्व ५८७ मा यहूदीहरूको अन्तिम समूहलाई यरूशलेमबाट कैदी बनाएर बाबेलमा लगिएको थियो। यी यहूदीहरू प्रवासमा भएकै समयमानै फारसहरूले बाबेललाई जिते। पार्सी (फारस)हरूले यहूदीहरूलाई यरूशलेममा जाने अनुमति दिए र केही यहूदीहरू येरूशलेममा फर्किए। यसरी यहूदीहरूले सत्तरी वर्ष सम्म बाबेलमा प्रवासी जीवन बिताए। बाबेलको प्रवासी जीवनबाट यरूशलेममा फर्केका यहूदीहरूले मन्दिरको पुनर्स्थापना गरी त्यहीँ बसोबास गर्न थाले। यद्यपि धेरै यहूदीहरू पालेस्टाइनमा फर्केर आएनन्। कोही यहूदीहरू बाबेलमानै बसे। अरू बाँकी यहूदीहरू यताउति छरिएका थिए। इतिहासमा यसलाई तितर बितर भएको भनिन्छ। तितर बितर शब्दको अर्थ फैलावट वा छरिनु हो।

त्यसपछि फारसहरूलाई जवान अलेक्सजेण्डर महानले युद्ध गरेर जिते। उनका सैनिकहरूले सिरिया, पालेस्टाइन, मिश्र र अरू धेरै ठाउँ माथि विजय प्राप्त गरे। अलेक्सजेण्डर महानको राजनीतिक साम्राज्य धेरै समयसम्म टिकेन। उनी ३३ वर्ष सम्म बाँचे र उनको मृत्युमा उनको साम्राज्य पनि अन्त भयो। अलेक्सजेण्डर महानले घोषित गरेको ग्रीक सांस्कृतिकले भने पूरा प्राचीन संसार र पालेस्टाइन माथि ठूलो प्रभाव पारेको थियो।

ईसा पूर्व ३२३ मा अलेक्सजेण्डरको मृत्यु भएपछि विदेशी शक्तिहरूले पालेस्टाइनमाथि आफ्नो अधिकार जमाएका थिए। एन्टिओकस चतुर्थ, (ई. पू. १७५-१६४) जो सेलेउसिड साम्राज्यका शासक थिए, उनले यहूदीहरूलाई ग्रीक सांस्कृतिक स्वीकारगर्न कर लगाए। उनले यहूदीहरूले परम्परादेखी गरिआएको आराधना गर्नलाई रोक लगाए र ई. पू. १६७ मा यहूदीहरूको मन्दिरलाई दूषित पारे। यहूदीहरूले उनको दुष्ट आज्ञाको विरोध गरे। केही वर्षपछि यहूदीहरूले यरूशलेममाथि आफ्नो अधिकार जमाएपछि मन्दिरलाई धार्मिक विधिबाट शुद्ध पारे। तिनीहरूले स्वतन्त्रताको निम्ति ई.पू. १४२ सम्म

लगातार रूपमा युद्ध गरे। यस समयलाई म्याक्याबियन युग भनिन्छ। निपुण यहूदी सैनिक नेता यहूदा म्याक्याबिजको नाममा यस युगलाई म्याक्याबियन युग भनिएको हो। यहूदीहरूको स्वतन्त्रता ई.पू. १४२ देखि रोमी कप्तान पम्पीले ई.पू. ६३ मा यरूशलेम कब्जा नगरूञ्जेलसम्म रहेको थियो। यस अवधिको बीचमा यहूदी शासकहरूले विदेशी दवावहरूसँग युद्ध गरिनैरहे। तिनीहरू आ-आफ्ना बीचमा पनि लडाँई झगडा गर्थे। यहूदी शासकहरू यहूदाको एक भाइ शिमोन म्याक्याबिजका सन्तानहरू थिए। यहूदा म्याक्याबिजलाई चाहि ई.पू. १६१ मानै मारिएको थियो। यसै बखतमा ई.पू. २०० देखि बढिरहेको रोमी शक्ति अझ शक्तिशाली रूपमा बढ्दैगयो। यहूदीहरूलाई शासन गर्ने रोमी साम्राज्यले नियुक्त गरेको हेरोद महानले ई.पू. ३७ मा अन्तिम यहूदी शासकलाई मारेका थिए। हेरोद राजा येशू ख्रीष्ट जन्मिएको समयमा पनि शक्तिमा थिए।

## पाठ्यपुस्तकको वर्णन

राज्य, शक्ति र महिमाः भन्ने नयाँ नियमको निरिक्षण पाठ्यपुस्तकले, ख्रीष्टियान सेवकहरूलाई नयाँ नियमका पुस्तकहरूको परिचय पाउन सहायता पुऱ्याउँछ। यस पाठ्यपुस्तकले ऐतिहासिक घटनाहरू, स्वभावहरू र नयाँ नियमका शिक्षाहरूको विषयमा जोड दिन्छ। यस पाठ्यपुस्तकले ख्रीष्टियान सेवकलाई नयाँ नियम बुझ्न, यसको अधिकारमा भरोसा राख्न र अरूहरूलाई ख्रीष्टको सत्यताको विषयमा बाँड्न सहायता पुऱ्याउँछ।

• • •

**पाठ्यपुस्तकका उद्देश्यहरू**

तपाईंले यस पाठ्यपुस्तकको अध्ययन गरिसकेपछि यी कुराहरू गर्नसक्नुपर्नेछः तपाईंले -

१. ऐतिहासिक पृष्ठभूमि, लेखक, र नयाँ नियमका प्रत्येक पुस्तकहरूको सन्देशको व्याख्या गर्नसक्नुपर्नेछ।

२. नयाँ नियमका पृष्ठभुमि सम्बन्धी महत्वपूवर्ण ठाउँहरूको परिचय, येशू ख्रीष्टको जीवनी, र पहिलो शताब्दीको मण्डली बृद्धिको बारेमा व्याख्या गर्नसक्नुपर्नेछ।

३. किन हामी नयाँ नियमलाई ख्रीष्टको जीवनी र प्रेरितहरूको शिक्षाको विषयमा लेखिएका कुराहरूलाई विश्वासयोग्य र ठीक मान्छौ, सो कुराको वर्णनगर्नसक्नुपर्छ।

४. नयाँ नियम परमेश्वरको सन्देश हो भनी स्वीकार गरी अरूहरूलाई पनि यसको सत्यता बाँड्नसक्नुपर्छ।

**पाठ्यपुस्तक**

यस पाठ्यक्रम अध्ययनको निम्ति तपाईंले राज्य, शक्ति र महिमा भन्ने नयाँ नियम निरिक्षण पुस्तक प्रयोग गर्नुहुनेछ। यो तपाईंको निम्ति पाठ्यपुस्तक र सहायकपुस्तिका दुबै हुनेछ।

**अध्ययन समय**

प्रत्येक पाठ अध्ययन गर्नको निम्ति कति समय लाग्छ, सो तपाईंले प्राप्त गर्नु भएको ज्ञान र तपाईंको खुबीमा भरपर्छ। यदि तपाईंले, पुस्तकमा दिइएका सबै निर्देशनहरू ठीक प्रकारले पालन गरी अध्ययन गर्नु भयो भने थोरै समयमा तपाईंले धेरै पाठहरू पनि अध्ययन गर्नसक्नुहुन्छ। तपाईंले आफ्नो अध्ययन समय-तालिका बनाउनुहोस् र लेखकले पाठ्यपुस्तकमा राखेका उद्देश्यहरू र तपाईंको आफ्नै व्यक्तिगत उदेश्यमा पुग्नको निम्ति

पनि अध्ययनको लागि प्रशस्त समय दिनुहोस्।

## पाठ संगठन र अध्ययन नमूना

प्रत्येक पाठमा यी भागहरू छन्ः १) पाठको शीर्षक, २) शुरूको वाक्य, ३) पाठको रूपरेखा ४) पाठका उद्देश्यहरू, ५) सिक्ने क्रियाकलाप, ६) मुख्य शब्दहरू, ७) अध्ययन प्रश्नहरू सहित पाठको विकास, ८) स्वयम जाँच (पाठ विकासको अन्तमा), ९) अध्ययन प्रश्नहरूका उत्तरहरू।

पाठको रूपरेखा र उद्देश्यले तपाईंलाई विषयको परिचय, मुख्य कुराहरूमा ध्यान, र तपाईंले के कुरा सिक्नुपर्छ सो बताउँछन्।

अध्ययन सहायक पुस्तिकामा भएको खाली ठाउँमानै तपाईंले प्रायजसो प्रश्नहरूको उत्तर लेख्नसक्नुहुन्छ। लामो खालका उत्तरहरू अभ्यास पुस्तिकामा लेख्नुपर्छ। आफ्नो अभ्यास पुस्तिकामा लामो उत्तरहरू लेख्दा, पाठको शीर्षक र अङ्क लेख्न नभूल्नुहोस्। किनकि यसले तपाईंलाई पछि विद्यार्थी एकाई प्रतिवेदन भर्नको निम्ति सहायता गर्छ।

सोधिएको प्रश्नमा तपाईंको आफ्नो उत्तर नदिइकन पुस्तकका उत्तरहरू नहेर्नुहोस्। यदि तपाईं आफैले उत्तर दिनुभयो भने अध्ययन गरेको कुरा राम्रोसँग सम्झन सक्नुहुन्छ। तपाईंले अध्ययन प्रश्नहरूको उत्तर दिइसकेपछि, आफ्नो उत्तर ठीक छ कि छैन भनी पाठको अन्तमा दिइएका उत्तरहरूसँग जाँच्न सक्नुहुन्छ। पाठको अन्तमा दिइएका उत्तरहरूलाई हेरेर तपाईंले बेठीक गर्नुभएका उत्तरहरूलाई ठीक गर्न सक्नुहुन्छ। उत्तरहरू क्रमिक रूपमा लेखिएका छैनन्, र तपाईंले उत्तर हेर्दा अर्को दोस्रो प्रश्नको उत्तर देख्नुहुन्न।

यी अध्ययन प्रश्नहरू धेरै महत्वपूर्ण छन्। यी प्रश्नहरूले तपाईंलाई पाठका मुख्य विचारहरू सम्झन र सिकेका कुराहरूलाई व्यवहारमा प्रयोग गर्नलाई सहायता पुऱ्याउँछन्।

**प्रश्नहरूको उत्तर कसरी दिनुपर्छ**

यस अध्ययन सहायक पुस्तिकामा विभिन्न प्रकारका अध्ययन प्रश्नहरू र स्वयम-जाँच प्रश्नहरू छन्। तल विभिन्न प्रकारका प्रश्नहरूको उदाहरण, र ती प्रश्नहरूको उत्तर कसरी दिनुपर्छ भनी बताइएको छ। भिन्नै प्रकारका प्रश्नहरू बीचतिर देखिए भने, तिनीहरूलाई कसरी उत्तर दिनुपर्छ भनी विशेष निर्देशन दिइने छ।

ठीक उत्तर चुन्नु पर्ने प्रश्नले तपाईंलाई दिइएका विभिन्न उत्तरहरूबाट ठीक उत्तर चुन्न लगाउँछ।

*उदाहरण*

**१**. बाइबलमा कतिवटा पुस्तकहरू छन्?
**क.** १०० पुस्तकहरू
**ख.** ६६ पुस्तकहरू
**ग.** २७ पुस्तकहरू

ठीक उत्तर चाँहि ६६ वटा पुस्तकहरू हो। यहाँ तल देखाइएको जस्तै तपाईंको अध्ययन सहायक पुस्तिकामा ख) को वरिपरि घेरा लगाउनु होस्ः

**१**. बाइबलमा कतिवटा पुस्तकहरू छन्?
**क.** १०० पुस्तकहरू
**(ख.)** ६६ पुस्तकहरू
**ग.** २७ पुस्तकहरू

(कुनै कुनै ठीक उत्तर चुन्ने प्रश्नमा एक भन्दा बढी उत्तरहरू ठीक हुनसक्छन्। यदि यस्तो छ भने ठीक उत्तरको अगाडिको अक्षरमा घेरा लगाउनुहोस्।)

ठीक-बेठीक प्रश्नहरूले तपाईंलाई दिइएका वाक्यहरूबाट कुन कुन ठीक हुन सो छान्न लगाउँछन्।

*उदाहरण*

२. तल दिइएका कुन कुन बयानहरू ठीक छन्?

____ **क.** बाइबलमा जम्मा १२० वटा पुस्तकहरू छन्।

____ **ख.** बाइबल आजका विश्वासीहरूको निम्ति परमेश्वरको सन्देश हो।

____ **ग.** बाइबलका लेखकहरू सबैले हिब्रू भाषामा लेखे।

____ **घ.** बाइबल लेख्ने व्यक्तिहरूलाई पवित्र आत्माले प्रेरणा दिनु भएको थियो।

माथि दिइएका बयानहरूमध्ये ख. र घ. ठीक छन्। माथि देख्नु भए जस्तै तपाईंले छान्नु भएका यी दुई अक्षरहरूमा घेरा लगाउनुहोस्।

जोडा मिलाउने प्रश्नले तपाईंलाई दिइएका मिल्दोजुल्दो कुराहरूबाट ठीक कुरा मिलाउन लगाउँछ। जस्तै नामहरूसँग वर्णन, अथवा बाइबलका पुस्तकहरूसँग तिनीहरूका लेखकहरूको जोडा मिलाउन सकिन्छ।

• • •

*उदाहरण*

**३**. प्रत्येक वयानको अगाडि अगुवाले गरेको कामको वर्णनमा उसको संख्या लेख्नुहोस्।

| | | |
|---|---|---|
| __१__ | **क**. सिनै पर्वतमा व्यवस्था पाएको | १) मोशा |
| __२__ | **ख**. इस्राएलीहरूलाई यर्दन नदी पार गराएको | २) यहोशू |
| __२__ | **ग**. यरीयो शहरको वरिपरि घुमेको | |
| __१__ | **घ**. फिरउन राजाको दरबारमा बसेको | |

**क**. र **घ**. मा दिइएको बयान मोशाको जीवनीसँग र **ख**. र **ग**. मा भएको बयान यहोशूसँग मिल्छ। माथि देखाए जस्तै तपाईंले **१** संख्या **क**. र **घ**. को पछाडि र **२** संख्या **ख**. र **ग**. को पछाडि लेख्नसक्नुहुन्छ।

भाग १

# येशू ख्रीष्ट, उहाँको जीवन र सेवाकाई

